## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

मिति २०७९/०२/२५ वैठक संख्याः ०२

आज मिति २०७९/०२/२५ गते बिहान ७:०० बजे यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री तिल बहादुर थापाको ज्युको अध्यक्षतामा देवघाट गाउँ कार्यपालिकाको वैठक बसी देहायका प्रस्तावहरु माथि छलफल गरी देहायका निर्णयहरु गरियो ।

**उपस्थितीः**

| | नामथर | पद |
|---|---|---|
| १) | श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| २) | श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| ३) | श्री रमेश सुवेदी | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |
| ४) | श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| ५) | श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| ६) | श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| ७) | श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| ८) | श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| ९) | श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| १०) | श्री हुम माया खान | गा.का.पा. सदस्य |
| ११) | श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| १२) | श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| १३) | श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| १४) | श्री बाबुराम परियार | गा.का.पा. सदस्य |

**कर्मचारी उपस्थितीः**

श्री गोविन्द प्रसाद पौडेल (अधिकृत)

## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

**मितिः २०७९/०२/२५** | **वैठक संख्या ०२**

**प्रस्तावहरुः**

१. समिक्षा
२. जि.स.स. तनहुँमा रकम माग सम्बन्धमा ।
३. भूमीहिन र अव्यवस्थित तथ्यांक प्रविष्टि खर्च सम्बन्धमा ।
४. वडा नं. १ स्वास्थ्य चौकी भवन नक्शा पास/अभिलेखिकरण गर्ने सम्बन्धमा ।
५. आ.व. २०७९/०८० को नीति, कार्यक्रम तथा बजेट तर्जुमा सम्बन्धमा ।
६. गाउँपालिका प्रशासनिक भवन भेरियसन सम्बन्धमा ।
७. गाडी भाडा सम्बन्धमा ।
८. अस्थायी प्रहरी पोष्ट माग गर्ने सम्बन्धमा ।
९. अपाङ्ग कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा ।
१०. वेणी संगम तटबन्धन सम्बन्धमा ।
११. गाउँ सभा कार्यक्रम सम्बन्धमा ।
१२. भूमिहिन तथा भूमिहिन दलित तथा अव्यवस्थित बसोबास स्थानीय तह स्तरीय सहजीकरण समिति गठन गर्ने सम्बन्धमा ।
१३. प्रदेश सरकारसँग योजना माग गर्ने सम्बन्धमा ।

**निर्णयहरुः**

१. यस अघिको कार्यपालिका वैठकको निर्णयको प्रगती समीक्षा गरियो । साथै गाउँपालिका प्रशासकीय भवन निर्माण यथाशिघ्र सम्पन्न गर्ने र फर्निचर तथा फर्निसिङ्गको कार्यलाई अगाडी बढाउने निर्णय गरियो ।
२. देवघाट गाउँपालिका वडा नं. २ र ४ को वडा कार्यालय भवन निर्माणको काम सम्पन्न भएको र अनुगमन समितिले पनि निर्माण सम्पन्न भएको सिफारिस गरेकोले जि.स.स. तनहुँबाट उक्त २ वटा वडा कार्यालय भवन निर्माणको लागि प्राप्त गर्नुपर्ने बाँकी रकम (अन्तिम किस्ता रकम) भुक्तानीको लागि जिल्ला समन्वय समितिको कार्यालयमा अनुरोध गरी लेखी पठाउने निर्णय गरियो ।
३. भूमिहिन दलित र भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको तथ्याङ्क प्रविष्टि गर्न जनशक्तिहरुलाई खाना, खाजा खर्च गाउँपालिकाले गर्ने र प्रति घर फाइल कागजात प्रविष्टि रु. ६०/- (साठी) र फाइल रुजु तथा व्यवस्थापन गर्नेलाई प्रति घर/फाइल रु. १५/- (पन्ध्र) भुक्तानी दिने निर्णय गरियो ।
४. वडा नं. १ को गा.वि.स. को नाममा रहेको जग्गामा स्वास्थ्य चौकी भवन निर्माण सम्पन्न भइ सकेको, निर्माण कार्य भन्दा पहिला नक्सा पास नगरेकोले हाल भवन निर्माण सम्पन्न अभिलेखिकरण प्रमाणपत्र दिने निर्णय गरियो ।
५. आगामी आ.व. २०७९/०८० को नीति, कार्यक्रम तथा बजेट समयमै तर्जुमा गर्ने निर्णय गरियो ।

निल बहादुर थापा
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

६. गाउँपालिकाको प्रशासनिक भवन सम्पन्न गर्नको लागि पेश भएको इष्टिमेट निर्माण भेरिएसन अर्डर (V.O) लाई स्वीकृत गरियो ।

७. गाउँ कार्यपालिकामा रहेको ३१८ नं. महेन्द्र पिक अप गाडी योजना अनुगमन, तथा जनस्वास्थ्य, पशुस्वास्थ्य, कृषि लगायत अन्य शाखाको लागि आवश्यक सामान र वडा कार्यालयको सामाग्री पुर्याउन पर्ने सामान पुर्याउने लगायत अन्य शाखाको लागि आवश्यक सामान पुर्याउने लगायतको काममा बढी प्रयोग हुने हुँदा गाउँपालिका अध्यक्षले प्रयोग गर्नको लागि १ (एक) हलुका सवारी साधन भाडामा लिने निर्णय गरियो ।

८. वडा नं. ३ छिपछिपेमा शान्ति, सुरक्षा कायम गर्नको लागि एक प्रहरी चौकीको आवश्यक भएकोले उक्त स्थानमा प्रहरी चौकी स्थापना गरिदिनको लागि जिल्ला प्रशासन कार्यालयमा अनुरोध सहित लेखि पठाउने निर्णय गरियो । साथै वडा नं. ५ दासढुङ्गामा प्रहरी बिट राखि दिनको लागि पनि अनुरोध गर्ने निर्णय गरियो ।

९. अपाङ्गहरुको आय आर्जनमा टेवा पुग्ने गरी आय आर्जन गर्न आवश्यक पर्ने पशुपंक्षि तथा मेशिन औजार (प्रविधि) हस्तान्तरण गर्ने र त्यसको लागि वडा कार्यालयले अपाङ्गहरुको चाहना/माग समेतको तथ्यांक संकलन गरी गाउँपालिकामा पठाउने निर्णय गरियो ।

१०. वेणी संग तटबन्धनको सम्बन्धमा यस अघि नै निर्णय गरिएको तर उपभोक्ता समिति सम्झौता गर्न नआएको व्यहोरा अवगत भयो । उक्त क्षेत्रमा तटबन्धन लगायतका काम गर्न पुन: DPR गरी आवश्यक पर्याप्त बजेट विनियोजन गरिदिन संघीय सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

११. गाउँ सभा कार्यक्रम बारेमा जानकारी भयो । सर्वपक्षिय राय सुझाव संकलन गर्न जेष्ठ ३१ गते राय सुझाव संलन तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

१२. भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धित कार्यविधि २०७८ अनुसार सो काममा सहजीकरण गर्न देहाय अनुसार सहजीकरण समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल:

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा | - संयोजक |
| गाउँपालिका उपाध्यक्ष श्री भुवन सिं गुरुङ | - उपसंयोजक |
| स्थानीय तहमा क्रियाशिल राजनैतिक दलका १/१ जना प्रमुख/प्रतिनिधि | - सदस्य |
| का.पा. सदस्य श्री गंगा सिं वि.क. | - सदस्य |
| का.पा. सदस्य श्री बाल कुमारी परियार | - सदस्य |
| सहजीकरण समितिले मनोनयन गरेको ३ जना | - सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | - सदस्य सचिव |

१३. तपसिलका योजनाहरु प्रदेश सरकारसँग माग गर्ने निर्णय गरियो ।

तपसिल:

क) साउने कर्तप सडक – सशर्त

ख) भृकुटी मार्ग देखि वडा नं. २ वडा कार्यालय जोड्ने सडक स्तरोन्नती – विशेष

ग) वडा नं. ५ क्वादी खोला खानेपानी योजना सम्पन्न गर्न निरन्तरता दिने कार्य - विशेष

प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष